# नेपालमा बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
## मासिक कार्यसम्पादन पत्र

महिना : मे वर्ष : ५ अंक : ५


### १. बालबालिकाको नागरिक स्थान सुनिश्चित गर्न कोशी प्रदेशमा प्रादेशिक तथा स्थानीय स्तरीय परामर्श सम्पन्न:




२३ मे २०२६ : कन्सोर्टियम-नेपालले राष्ट्रिय बाल अधिकार परिषद् तथा डिकेए अस्ट्रियासँगको सहकार्यमा “बालबालिकाको नागरिक स्थानको सुनिश्चितता र सबै बालबालिकाको समान तथा समावेशी सहभागिता” विषयक प्रादेशिक तथा स्थानीयस्तरीय परामर्श कार्यक्रम सम्पन्न गरेको छ ।

प्रादेशिक कार्यक्रम विराटनगरमा आयोजना गरिएको थियो । कार्यक्रममा गैर सरकारी संस्था महासंघ नेपालका कोशी प्रदेश अध्यक्ष, राष्ट्रिय बाल अधिकार परिषद्का कोशी प्रदेश समन्वय अधिकृत, विराटनगर महानगरपालिका, नगर बाल सञ्जाल, बाल अधिकारका क्षेत्रमा कार्यरत संघसंस्था तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद्का सूचना अधिकारी रामबहादुर चन्दले “बालबालिकाको नागरिक स्थान” अर्थात चिल्ड्रेन्स् सिभिक स्पेसको विषयमा सहजीकरण गर्नुभएको थियो । छलफलका क्रममा सहभागीहरूले स्थानीय तथा प्रादेशिक तहमा बाल सहभागिताको वर्तमान अवस्था, अवसर तथा चुनौतीबारे विचार व्यक्त गरेका थिए । सहभागीहरूले राष्ट्रिय बाल अधिकार परिषद् खारेज हुन सक्ने चर्चाप्रति

चिन्ता व्यक्त गर्दै नागरिक सहभागिताको क्षेत्र खुम्चिँदा बालबालिकाको अर्थपूर्ण सहभागितामा नकारात्मक प्रभाव पर्न सक्ने बताएका थिए । सहभागिहरूले बाल अधिकारको संरक्षण र प्रवर्द्धनका लागि संस्थागत संयन्त्रहरू अझ सुदृढ हुनुपर्नेमा जोड दिएका थिए ।

उक्त कार्यक्रममा सहभागीहरूले कन्सोर्टियम-नेपालले कोशी प्रदेशमा पुगेर प्रादेशिकस्तरमा परामर्श आयोजना गरेकोमा प्रशंसा गर्दै यसले बाल सहभागिता, सरोकारवालाबीचको सहकार्य तथा बाल अधिकारसम्बन्धी पैरवीलाई थप सुदृढ बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरेका थिए ।

त्यस्तै दोस्रो परामर्श सुनसरी जिल्लाको हरिनगर गाउँपालिकामा सम्पन्न भएको थियो । गाउँपालिकाकी उपाध्यक्षको अध्यक्षतामा सम्पन्न कार्यक्रममा गाउँपालिका अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, विभिन्न वडाका वडाध्यक्षहरू, पत्रकार, नवगठित गाउँपालिका बाल सञ्जालका



कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

प्रतिनिधि, स्थानीय समुदायका सदस्य, बाल अधिकार फोकल पर्सन तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

कार्यक्रमको उद्घाटनका क्रममा कन्सोर्टियम-नेपालका अध्यक्ष प्रदिप कुमार लामिछानेले स्थानीय शासन तथा निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता सुदृढ गर्न यस्ता कार्यक्रमहरूको महत्वबारे प्रकाश पार्नुभएको थियो । छलफलका क्रममा नवगठित गाउँपालिका

बाल सञ्जालका अध्यक्षले बाल अधिकार प्रवर्द्धन तथा स्थानीय योजना प्रक्रियामा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न प्रतिबद्धता व्यक्त गर्नुभयो । सहभागी वडाध्यक्षहरूले पनि स्थानीय विकास तथा निर्णय प्रक्रियामा बालबालिकाको सक्रिय भूमिका अपेक्षा गरिएको बताएका थिए ।

हरिनगर गाउँपालिकाका उपाध्यक्षले आगामी बजेट तथा योजना तर्जुमा प्रक्रियामा बालबालिकाका आवाजलाई समेट्ने प्रतिवद्धता जनाउनुभयो । सहभागीहरूले यस्ता कार्यक्रमले स्थानीय तहमा सहकार्य, संवाद र बाल सहभागिताका अवसरहरू विस्तार गर्न महत्वपूर्ण भूमिका खेल्ने बताएका थिए ।

तेस्रो तथा अन्तिम परामर्श २४ मे २०२६ मा विराटनगर महानगरपालिकामा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागीहरूले बालबालिकाको नागरिक स्थान, बाल अधिकार, बाल सहभागिता, स्थानीय शासनमा नागरिक समाजको भूमिका तथा सरोकारवालाबीचको समन्वयका विषयमा आफ्ना अनुभव, चुनौती र सुझावहरू प्रस्तुत गरेका थिए । बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न बलियो संस्थागत संयन्त्र आवश्यक रहेको तथा स्थानीय शासन प्रक्रियामा नागरिक समाजको निरन्तर संलग्नता हुनुपर्नेमा सहभागिहरुको जोड थियो ।


तीनवटै परामर्श कार्यक्रमको निष्कर्षस्वरूप सहभागीहरूले बाल अधिकारको प्रवर्द्धन, बाल सहभागिताका संरचनाहरू सुदृढीकरण तथा प्रादेशिक र स्थानीय तहमा सरोकारवालाबीचको सहकार्य र समन्वयलाई अझ प्रभावकारी बनाउने साझा प्रतिबद्धता व्यक्त गरेका थिए भने कार्यक्रमले बालबालिकाको नागरिक स्थान प्रवर्द्धन गर्दै बालमैत्री शासन प्रणाली निर्माणतर्फ महत्वपूर्ण योगदान पुर्‍याउने विश्वास व्यक्त गरिएको छ ।




०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

## २. बालबालिकाविरुद्धको हिंसा अन्त्यसम्बन्धी बालबालिकासँगको परामर्श भेला सम्पन्न :

२२ मे २०२६, बालबालिकाविरुद्धको हिंसा अन्त्य गर्न (Ending Violence Against Children – EVAC) दोस्रो विश्वव्यापि मन्त्रिस्तरीय सम्मेलन यसै वर्षको नोभेम्बरमा फिलिपिन्समा हुँदैछ । त्यसअघि दक्षिण एशियाली क्षेत्रका मन्त्रिस्तरीय सम्मेलन जुन महिनामा श्रीलंकामा आयोजना गरिदैछ । उक्त सम्मेलनमा बालबालिका र बालबालिकासँग सरोकार राख्ने सरकारी, युएन लगायत राष्ट्रिय तथा अर्न्तराष्ट्रिय संघसंस्थाहरुको सहभागिता रहनेछ । यस सम्मेलनमार्फत सहभागि राष्ट्रहरुले बालबालिकाविरुद्धको हिंसा अन्त्य गर्न प्रगति, प्रतिबद्धता, र योजना तय गर्नेछन् । यस अवसरमा बालबालिकाका विचार, धारणा र सुझावका लागि बालबालिकासँग परामर्शको आयोजना गरिएको छ ।




दक्षिण एशियाली मन्त्रिस्तरीय सम्मेलन (EVAC) को तयारीका क्रममा बालबालिकासँग गरिएको परामर्शले बालबालिकाविरुद्धको हिंसा अझै घर, विद्यालय, समुदाय, डिजिटल तथा सार्वजनिक स्थानहरूमा व्यापक रहेको देखाएको छ । कन्सोर्टियम नेपालको सहजिकरण, सेद द चिल्ड्रेनसँगको सहकार्य तथा महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयका सह-सचिवज्यू र उपसचिवज्यू तथा युनिसेफको उपस्थितिमा सञ्चालन गरिएको कार्यक्रममा १०० जना भन्दा धेरै बालबालिका जोडिएका थिए ।

परामर्शमा बालबालिकाले शारीरिक, मानसिक तथा यौन हिंसा, बालविवाह, बालश्रम, लैंगिक तथा जातीय विभेद, विद्यालयमा हुने दण्ड, बुलिङ तथा अनलाइन दुर्व्यवहारजस्ता समस्या प्रमुख रूपमा उजागर गरेका छन् । उनीहरूले घरभित्र पनि विभेद, अत्यधिक नियन्त्रण,




कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

उपेक्षा तथा छोरी-छोराबीचको असमान व्यवहारजस्ता हिंसा भोगिरहेको बताएका छन् ।

बालबालिकाले हिंसाका मुख्य कारणहरूमा गरिबी, पितृसत्तात्मक सोच, सामाजिक कुरीति, चेतनाको कमी, कमजोर पारिवारिक संवाद तथा निर्णय प्रक्रियामा बालबालिकाको सहभागिताको अभावलाई प्रमुख रूपमा औंल्याएका छन् । हिंसाका कारण बालबालिकामा डर, चिन्ता, आत्मविश्वासको कमी, पढाइमा असर, विद्यालय छोड्ने जोखिम तथा सामाजिक बहिष्करणजस्ता गम्भीर प्रभाव परेको उनीहरूको भनाइ छ ।

बालबालिकाले सरकार, विद्यालय, परिवार तथा समुदाय सबैलाई जिम्मेवार बनाउँदै बालमैत्री वातावरण निर्माण, सकारात्मक अभिभावकत्व, बाल संरक्षण कानुनको प्रभावकारी कार्यान्वयन, अनलाइन सुरक्षा सुदृढीकरण तथा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न आग्रह गरेका छन् ।

### ३. राष्ट्रिय बाल पैरवी परिषद् सदस्यहरूको क्षमता विकास कार्यशाला तथा बाल भेला सम्पन्न :

मे २३-२५ २०२६ : कन्सोर्टियम नेपालको सहजिकरणमा राष्ट्रिय बाल पैरवी परिषद्का सदस्यहरूको सहभागितामा तीनदिने क्षमता विकास कार्यशाला तथा संघीयस्तरीय बाल भेला, (पूर्व–बजेट छलफल) सम्बन्धी परामर्श कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ ।

बुढानीलकण्ठस्थितमा आयोजित कार्यक्रममा बाल अधिकार, बाल संरक्षण, अर्थपूर्ण बाल सहभागिता, समावेशी शिक्षा, बालमैत्री बजेट तथा शासन, LGBTIQA+ समावेशीकरण र बाल नेतृत्व अनुसन्धानका विषयमा छलफल तथा क्षमता अभिवृद्धि गरिएको थियो ।

कार्यक्रमको पहिलो दिन दक्षिण एशियाली बालबालिकाविरुद्धको हिंसा अन्त्यसम्बन्धी मन्त्रिस्तरीय सम्मेलन (EVAC) का लागि बालबालिकाको दृष्टिकोण तथा सुझाव संकलन गर्ने उद्देश्यले परामर्श सञ्चालन गरिएको थियो ।



त्यसैगरी, निल हिरा समाजबाट रुबिना तामाङले लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको आधारभूत अवधारणा, विविधताको सम्मान तथा


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

समावेशी वातावरण निर्माणका विषयमा सहजीकरण गर्नुभएको थियो ।

दोस्रो दिन बाल अधिकार अभियन्ता मोहन दंगालले संघीय बजेट निर्माण प्रक्रिया तथा बजेटमा बाल सहभागिताको महत्वबारे सहजीकरण गर्नुभएको थियो । छलफलका क्रममा बालबालिकाले शिक्षा, स्वास्थ्य, पोषण, बाल संरक्षण, मानसिक स्वास्थ्य, वातावरण संरक्षण, खेलकुद, प्रविधिमैत्री शिक्षा तथा सीमान्तकृत समुदायका बालबालिकाको अधिकार सुनिश्चित गर्न सरकारको बजेटमा प्राथमिकता दिनुपर्ने सुझाव दिएका थिए ।

कार्यक्रमको विशेष आकर्षणका रूपमा संघीय संसद्का महिला तथा सामाजिक मामिला समितिकी सदस्य माननीय ज्ञानु पौडेलसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको थियो । सो अवसरमा राष्ट्रिय बाल अभियन्ता परिषद्ले तयार पारेका २१ बुँदे बालमैत्री बजेट तथा नीति सम्बन्धी सिफारिसहरू माननीय पौडेललाई हस्तान्तरण गरेका थिए । उहाँले कार्यक्रमको अन्तिममा बोल्दै बालबालिकाका आवाजलाई नीति तथा बजेट निर्माण प्रक्रियामा समावेश गर्नुपर्नेमा जोड दिनुभएको थियो ।

तेस्रो दिन कन्सोर्टियम नेपालको कार्यक्रम संयोजक अस्मिता रिजालले बालबालकिाको नेतृत्वमा गरिने अनुसन्धान सम्बन्धी प्रस्तुति दिँदै बालबालिकालाई अनुसन्धान, तथ्य संकलन, विश्लेषण तथा प्रमाणमा आधारित पैरवीका लागि प्रेरित गर्नुभयो ।

कार्यक्रमको समापन समारोहमा कन्सोर्टियम नेपालको अध्यक्ष पदिप कुमार लामिछानेले बालबालिकाको सक्रिय सहभागिता, नेतृत्व तथा अधिकार संरक्षणका लागि उनीहरूको निरन्तर आवाज उठाउने भूमिकाको प्रशंसा गर्दै बालमैत्री, समावेशी तथा हिंसामुक्त समाज निर्माणमा सबै पक्षको सहकार्य आवश्यक रहेको बताउनुभयो ।

### ४. 'नमुना बाल प्रदेश सभा' सम्बन्धी तीनदिने प्रशिक्षण तथा अभ्यास कार्यक्रम सम्पन्न :

मे २९-३१ : कन्सोर्टियम नेपालको आयोजना तथा गुड सेफर्ड ई फाउण्डेसन नेपाल र एस ओ एस चिल्ड्रेन्स् भिलेज नेपालको सहकार्यमा जेठ १५ देखि १७ गतेसम्म पोखरामा सञ्चालन गरिएको कार्यक्रमको समापन सत्रमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री रेखा गुरुङले बालबालिकाको आवाजलाई नीति तथा निर्णय प्रक्रियासम्म पुर्‍याउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

उहाँले राजनीति देशलाई समृद्ध बनाउने महत्वपूर्ण औजार भएकाले बालबालिकामा राजनीतिप्रति सकारात्मक सोच विकास गर्न आवश्यक रहेको उल्लेख गर्नुभयो ।


कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

कार्यक्रममा गण्डकी प्रदेशसभा सामाजिक विकास तथा कृषि समिति सभापति दमयन्ती रुचालले बालबालिकालाई यसको सही बुझाइ दिन आवश्यक रहेको बताउनुभयो ।आगामी वर्षहरूमा अहिलेका बालबालिकाले नै देशको नेतृत्व सम्हाल्ने भएकाले उनीहरूलाई समयमै सही मार्गदर्शन दिनुपर्ने उहाँको भनाइ थियो ।

कार्यक्रमको पहिलो दिन बाल अधिकार, प्रदेशसभाको आधारभूत अवधारणा, अर्थपूर्ण बाल सहभागिता तथा कन्सोर्टियम नेपालको भूमिकाबारे प्रशिक्षण दिइएको थियो ।

तीन तहका सरकार, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको परिचय तथा प्रदेशसभासम्बन्धी विषयमा अधिवक्ता कुञ्जनी परियारले सहजीकरण गर्नुभएको थियो । नेपालमा नमुना संसद अभ्यासको इतिहास तथा बाल संसदको अवधारणाबारे अमृत देवकोटाले प्रस्तुति दिनुभएको थियो ।






दोस्रो दिन संसदीय प्रक्रिया, भूमिका बाँडफाँड, बालबालिकाको डिजिटल अधिकार, सुरक्षित डिजिटल अभ्यास तथा सूचनाको हकसम्बन्धी विषयमा प्रशिक्षण सञ्चालन गरिएको थियो । प्रदेशसभाका पदाधिकारी चयन, मुख्यमन्त्री निर्वाचन, सभामुख चयन, मन्त्रिपरिषद् गठन, संसदीय समिति गठन तथा 'बाल साइबर सुरक्षा तथा डिजिटल सचेतना ऐन, २०८३' माथि समितिगत छलफल समेत गरिएको थियो ।

तेस्रो दिन बाल प्रदेशसभाको अन्तिम अभ्यास, प्रदर्शन तथा अवलोकन भ्रमणका साथै 'बालबालिकाको नागरिक स्थान सुनिश्चित गर्दै' विषयमा प्रस्तुति तथा छलफल आयोजना गरिएको थियो । कन्सोर्टियम नेपालका केन्द्रीय सदस्य डिल्लीप्रसाद शर्माले बालबालिकाको आवाजलाई नीति


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

निर्माण तहसम्म पुऱ्याउन यस्ता कार्यक्रमलाई निरन्तरता दिनुपर्ने बताउनुभयो ।

कार्यक्रमको समापन सत्रमा कन्सोर्टियम नेपालका अध्यक्ष, गैरसरकारी संस्था महासंघ, राष्ट्रिय बालअधिकार परिषद, गण्डकी समन्वय अधिकृत गुड सेफर्ड ई फाउण्डेसन नेपाल लगायतका वक्ताहरूले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न 'नमुना बाल प्रदेशसभा' जस्ता अभ्यास प्रभावकारी र अनुकरणीय रहेको धारणा व्यक्त गर्नुभएको थियो ।

## ५. कोशी र गण्डकी प्रदेशमा कन्सोर्टियम नेपालको प्रदेश समिति गठन

कन्सोर्टियम नेपालले कोशी प्रदेश र गण्डकी प्रदेशमा सफलतापूर्वक प्रदेश समिति गठन गरेको छ । प्रदेशस्तरीय संरचना विस्तारसँगै बाल सहभागिता, बाल अधिकार प्रवर्द्धनका विषयलाई स्थानीय तहसम्म प्रभावकारी रूपमा अघि बढाउने अपेक्षा गरिएको छ ।

नवगठित प्रदेश समितिहरूले प्रदेश तथा स्थानीय तहमा रहेका सदस्य संस्थाहरूबीच समन्वय, सहकार्य र पैरवीलाई थप सुदृढ बनाउनेछन् ।

साथै, कोशी प्रदेशको प्रतिनिधित्व हनेगरि रिक्त रहेको संघीय कार्यसमितिमा केदार दहाललाई मनोनित गरिएको छ । प्रदेश समिति र कार्यसिमितिको पुर्णतासँगै बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै उनीहरूको आवाजलाई नीति, योजना तथा कार्यक्रम निर्माण प्रक्रियामा समावेश गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास गरिएको छ । प्रदेश समितिहरूको सक्रियतामार्फत बाल सहभागिताको अभियानलाई प्रदेशदेखि स्थानीय तहसम्म विस्तार गर्दै बाल अधिकार सुनिश्चिततताका लागि सामूहिक प्रयासलाई अझ प्रभावकारी बनाउने लक्ष्य राखिएको छ ।

कोशी प्रदेश समिति

संयोजक : सरस्वती गुरुङ

सह-संयोजक : भगिश्वर लिम्बु

सदस्य सचिव : दिपेन्द्र कुमार झा

गण्डकी प्रदेश समिति

संयोजक : ममिता पुन

सह-संयोजक : सुर्य बहादुर भण्डारी

सदस्य : रविन्द्र खनाल

सदस्य : सुमित्रा थलानी


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal

## कन्सोर्टियम नेपालले मे २०२६ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण

| क.स | कार्यक्रम | आयोजक |
|---|---|---|
| १ | सुर्यविनायक नगरपालिकामा संचालित गैर सरकारी संस्थासँग समन्वयात्मक बैठक | सुर्यविनायक नगरपालिका |
| २ | राष्ट्रिय नागरिक सम्मेलन | गैर सरकारी संस्था महासंघ नेपाल |


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२७
participation.consortium@gmail.com,
Consortium Nepal